मिति २०८३/०३/०२ गतेका दिन थुलुङ दुधकोशी गाउँपालिकाको श्रद्धेय कार्यवाहक अध्यक्ष श्री सविता राईज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकमा निम्न उपस्थिति बीच तपसिलका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णयहरु सर्वसम्मतिबाट पारित गरियो ।

| सि.नं. | नाम र थर | पद | दस्तखत | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | सविता राई | कार्यवाहक अध्यक्ष | | ९८६३९१००३४ |
| २ | घनराज सुनुवार | १ नं. वडाअध्यक्ष | | ९८५१०४७२४४ |
| ३ | युजन बस्नेत | २ नं. वडाअध्यक्ष | | ९८५२८३१८४८ |
| ४ | ईन्द्रमणि दाहाल | ३ नं. वडाअध्यक्ष | | ९८६९२२५०१४ |
| ५ | श्याम कुमार गुरुङ | ४ नं. वडाअध्यक्ष | | ९८४२९३६४५३ |
| ६ | चन्द्र बहादुर राई | ५ नं. वडाअध्यक्ष | | ९८४४४९५२५५ |
| ७ | महेन्द्रदीप राई | ६ नं. वडाअध्यक्ष | | ९८५१०६४७५८ |
| ८ | भोजराज कार्की | ७ नं. वडाअध्यक्ष | | ९८५२८५१००७ |
| ९ | राजेश राई | ८ नं. वडाअध्यक्ष | | ९८६१२१२०७८ |
| १० | सन कुमार तामाङ | ९ नं. वडाअध्यक्ष | | ९८६९८०६५९५ |
| ११ | बुद्धिराज राई | कार्यपालिका सदस्य | | ९८६१०६५७५८ |
| १२ | डिल्ली बि.क. | कार्यपालिका सदस्य | | ९८६०६३४७७७ |
| १३ | सरिता राई | कार्यपालिका सदस्य | | ९८६२४२२३५० |
| १४ | तमुना राई | कार्यपालिका सदस्य | | ९८४१९४३८६२ |
| १५ | तारा देवी श्रेष्ठ | कार्यपालिका सदस्य | | ९८६२१२३५३१ |
| १६ | सर्मिला हिङमाङ | कार्यपालिका सदस्य | | ९७४५२७४३४० |
| १७ | नवराज कोइराला | सचिव | | ९८५२८६६१२३ |

प्रस्तावः

१. अघिल्लो बैठक निर्णयको सम्बन्धमा ।

२. आ.व. २०८३/०८४ को वार्षिक बजेट क्यालेन्डर सम्बन्धी ।

३. आर्थिक सहायता सम्बन्धमा।

४.विद्यालय दिवा खाजा कार्यक्रम प्रवर्धन सम्बन्धमा ।

५.कफि खेति विकास कार्यक्रम सम्बन्धमा ।

६. विविध

निर्णयः

१. मिति २०८३/०२/१० को कार्यपालिकाको बैठकले गरेका निर्णयहरुको कार्यान्वयन सम्बन्धी समीक्षा गरियो। उक्त समिक्षामा अघिल्लो कार्यापालिकाको बैठकले निर्णय कार्यन्वयन भएको पाईयो।

२. यस थुलुङ दुधकोशी गाउँपालिकाको आगामी आ.व. २०८३/०८४ को बजेट निर्माण सम्बन्धमा बजेट पूरा गर्नको लागि देहाय बमोजिम बजेट क्यालेण्डर निर्माण गर्ने निर्णय पारित गरियो।

राजस्व परामर्श समितिको बैठक – असार २ गते दिनको ११.०० बजे,
बिषयगत समितिको बैठक र स्रोत अनुमान समितिको बैठक – असार ४
बस्ती/टोल स्तरबाट योजना छनौट – असार ६ र ७
वडा स्तरीय योजना प्राथमिकिकरण – असार ८
एकिकृत बजेट नीति तथा कार्यक्रम तर्जुमा – असार ९
कार्यपालिका बैठक – असार ९
गाउँसभा/बजेट सभा – असार १०

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा थुलुङ दुधकोशी गाउँपालिका वडा नं. २, काँगेल निवासी फडिन्द्र भट्टराई को हावाहुरी र पानी बतासको कारणले घर नजिक रहेको बरको रुख ढली घर र पशु चौपाय क्षति भएको हुनाले निजलाई आर्थिक सहायता बापतको रकम रु. १२,०००।– (अक्षरुपी बाह्र हजार मात्र) उपलव्ध गराउने साथै थुलुङ दुधकोशी गाउँपालिका वडा नं. २ निवासी तेज बहादुर बरुवलको छोरो सम्बिद बरुवाललाई गम्भीर रक्तसम्बन्धी क्यान्सर रोगबाट पीडित भई भारतस्थित Rajiv Gandhi Cancer Institute and research Center मा उपचार भइरहेकोले निजलाई आर्थिक सहायता वापत रकम रु २५,०००/- (अक्षरेपी पच्चीस हजार मात्र), नमराज बस्नेत रु१५,०००/-नेले १, मनलक्ष्मी र राई रु १५,०००/- देउसा ७, जगधन राई रु १५,०००/- मुक्ली, फुर्वावाङछु शेर्पा रु १५,०००/- लोखिम ९लाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा स्थानीय उत्पादनमा आधारित पोषणयुक्त विद्यालय दिवाखाजा कार्यक्रम कार्यान्वयन गर्न तपसिल बमोजिमका स्थानीय तहमा समिति गठन गर्ने निर्णय गरीयो साथै स्थानीय उत्पादनमा आधारित पोषणयक्त विद्यालय दिवाखाजा कार्यक्रम प्रवर्धन क्षमता विकास कार्यशाला सञ्चालन गर्ने गरियो।

1. कार्यवहाक अध्यक्ष श्री सविता राई
2. सदस्य (प्र.प्र.अ.)श्री नवराज कोइराला
3. सदस्य (संयोजक सामाजिक विकास समिति)श्री बुद्धिराज राई
4. सदस्य (कार्यपालिका सदस्य) श्री सरिता राई
5. सदस्य (कृषि विकास शाखा प्रमुख) श्री दिलुनाथ योगी
6. सदस्य (वि.व्य.स. अध्यक्षमध्येबाट) श्री चिन्तामणी राई
7. सदस्य (आधारभूत तहका शिक्षक मध्येबाट) श्री महन्त राई
8. सदस्य (आधारभूत तहका महिला शिक्षक मध्येबाट) श्री धनरुपा राई
9. सदस्य सचिव (शिक्षा शाखा प्रमुख) श्री कुमार खड्का

५. प्रस्ताव नं ५. माथि छलफल गर्दा आ .व २०८२।०८३ मा कफि खेति विकास कार्यक्रम को लागि विनियोजन रकम रु १२,००,०००।मा कृषकको माग बमोजिम कृषि औजार खरिद गरि किसानलाई उपलब्ध गराउदा किसान बाट जम्मा अनुदान रकमको २५ प्रतिशत र गाँउपालिकाले ७५ प्रतिशत अनुदान बाट सामान खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथी छलफल गर्दा जिल्ला स्नोकर व्यवसायी संघलाई रकम रु ८०,०००/- (अक्षरेपी असी हजार मात्र), थुलुङ दुधकोशी गाउँपालिका वडा नं. १ मा रहेको राङ्ज्युङ होसाल छ्योखोर्लि गुम्बा प्लाष्टरको लागि रकम रु १,५०,०००/- (अक्षरेपी एक लाख पचास हजार रुपैया मात्र), थुलुङ दुधकोशी गाउँपालिका वडा नं. ६ बर्खुखोला देखि वडा नं. ५ सुकेबजारसम्मको सडकबाटो सरसफाई गर्न र खाल्टाखुल्टी पुर्ने कार्यका लागि रु १,००,०००/- (अक्षरेपी एक लाख रुपौया मात्र), थुलुङ दुधकोशी गाउँपालिका वडा नं. ४ मा रहेको कामी गाउँको कुल मन्दिर प्लाष्टर र झालढोका निर्माणको लागि रकम रु ६०,०००/- (अक्षरेपी साठी हजार), आलोक मिडाया प्रा.लि. लाई रकम रु ३,००,०००/- ( अक्षरेपी तिन लाख रुपैया मात्र) महाकुलुङ मिडिया प्रा.लि. लाई रु १,००,०००/- (अक्षरेपी एक लाख रुपौया मात्र) कालिका देवि मा वि पंचन लाई प्रिन्टर र अन्य आवश्यक सामाग्री खरिद वापत रकम रु१,००,०००। वडा नं ८ देउसाका थुलुङहरुको सास्कृतीक,वंशावली प्रकाशन १,५०,०००। आ.व. २०८२/०८३ मा प्राप्त भएको रोयल्टी रकमबाट मिति २०८३।२।१० गते समेत भएका निर्णयहरु कार्यक्रम र योजना सञ्चालन भएका र बाँकि कार्यक्रम भए पश्चात भुक्तानी गर्ने निर्णय गरियो ।